# मञ्जुश्री फाइनान्स लिमिटेड
## रजिर्ष्टड कार्यालय, नयाँबानेश्वर, काठमाण्डौ
## को
# एघारौं वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।०८।२४)

मिति २०७५ साल मंसिर २१ मा बसेको सञ्चालक समितिको १६१ औं बैठकको निर्णय बमोजिम यस मञ्जुश्री फाइनान्स लिमिटेडको एघारौं वार्षिक साधारण सभा देहायको मिति, समय र स्थानमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएकोले सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु।

**सभा हुने मिति, समय र स्थान :**

मिति : २०७५ पौष १६ गते (तदनुसार डिसेम्वर, ३१, २०१८), सोमबार
समय : विहान ११ :०० बजे
स्थानः थापागाउँ ब्याङ्केट, थापागाउँ, नयाँबानेश्वर, काठमान्डौं।

**एघारौं वार्षिक साधारण सभामा छलफलका लागि प्रस्तुत गरिने प्रस्तावहरु :**

(क) **सामान्य प्रस्ताव :**

१. अध्यक्षज्यूको मन्तव्य सहितको सञ्चालक समितिको आर्थिक वर्ष २०७४/७५ को वार्षिक प्रतिवेदन पारित गर्ने।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०७५ आषाढ मसान्तको वासलात, आ.व. २०७४/७५ को नाफा नोक्सान हिसाब, सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरणहरु छलफल गरी पारित गर्ने।

३. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजिको २.९ (दुई दशमलव नौ) प्रतिशत नगद लाभांश (कर समेत) स्वीकृत गर्ने,

४. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखापरिक्षण समितीको सिफारिसमा आर्थिक वर्ष २०७५/७६ को लागि लेखा परिक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने। (वर्तमान लेखापरिक्षक पि.एल.आर.जि. एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्ट्स पुनः नियुक्त हुन योग्य हुनुहुन्छ।)

(ख) **विशेष प्रस्तावहरु :**

१. यस वित्तिय संस्था र अन्य कुनै उपयूक्त बैंक वा वित्तिय संस्था एक आपसमा गाभ्ने गाभिने (MERGER) गर्ने सम्बन्धमा यस वित्तिय संस्थाको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्यांकन (Due Diligence Audit-DDA) गर्न मान्यता प्राप्त मुल्यांकन कर्ता नियूक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने गाभिने (MERGER) सम्बन्धी समभ्रूदारी पत्र (Meorandum of Understanding) तर्जुमा गर्ने र अन्य प्रकृया पुरा गरी सोमा हस्ताक्षर गर्ने, लगायत (MERGER) सम्बन्धी अन्य आवश्यक सम्पुर्ण प्रकृया पुरा गर्न सञ्चालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने विशेष प्रस्ताव पारित गर्ने।

(ग) विविध

**सञ्चालक समितिको आज्ञाले**
**(कम्पनि सचिव)**

**साधारण सभा सम्बन्धी थप जानकारी**

१. एघारौ वार्षिक साधारण सभा तथा नगद लाभांशको प्रयोजनका लागि यस संस्थाको शेयर दाखिल खारेजको काम २०७५/०९/०३ गते बन्द रहनेछ । नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ लिमिटेडमा मिति २०७५/०९/०३ भन्दा अघिल्लो दिनसम्म कारोबार भई मिति २०७५/०९/११ गते कार्यालय समय भित्र यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँबानेश्वर, काठमाण्डौमा प्राप्त शेयर नामसारी लिखतको आधारमा शेयरधनी किताबमा कायम शेयरधनीहरुले सो एघारौ वार्षिक साधारण सभामा भाग लिन तथा नगद लाभांश प्राप्त गर्न योग्य हुनेछन् ।

२. एघारौ वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहने शेयरधनी महानुभावहरुले सभा शुरु हुने समयभन्दा कम्तीमा ४८ घण्टा अगावै यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँबानेश्वर, काठमाण्डौमा प्रोक्सी फाराम दर्ता गरी सक्नुपर्नेछ । एघारौ वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि नियुक्त गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्कै मुकर्रर गर्ने भएमा सो को लिखित सूचना तत्काल यस संस्थाको शेयर रजिष्ट्रार श्री एनआईबिएल एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, नक्साल, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँबानेश्वर, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ ।

३. एघारौ वार्षिक साधारण सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरि सकेपछि सम्बन्धित शेयरधनि सभामा उपस्थित हुनु भएमा शेयरधनिको प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ ।

४. नाबालक तथा अशक्त शेयर धनिहरुको तर्फबाट यस संस्थाको शेयर लगत किताबमा संरक्षकको रुपमा नामदर्ता भएको व्यक्तिले एघारौ वार्षिक साधारण सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्न सक्नु हुनेछ ।

५. शेयरधनी महानुभावहरुको सुविधाको लागि हाजिरी पुस्तिका एघारौ वार्षिक साधारण सभा स्थलमा सभा हुने दिन विहान १० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।

६. यस सम्बन्धमा अन्य कुनै आवश्यक जानकारीका लागि यस संस्थाको शेयर रजिष्ट्रार श्री एन.आइ.वि.एल. एस क्यापिटल लिमिटेडको कार्यालय लाजिम्पाट, काठमाण्डौ वा यस संस्थाको रजिष्टार्ड कार्यालय, ॐकार भवन, नयाँबानेश्वर, काठमाण्डौमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।